सम्पर्क नं. : ०२५५४००२४

स्थानीय सरकार

# दुहबी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

शिक्षा युवा तथा खेलकुद शाखा

दुहबी, सुनसरी

कोशी प्रदेश, नेपाल

प. स. :-२०८१/८२
च. नं. :- ४६०८

मिति : २०८२।०२।०२

श्री प्रधानाध्यापक ज्यू,
सामूदायिक तथा संस्थागत विद्यालय सबै
दुहबी, सुनसरी ।

विषय : बालबालिकासँग मेयर टेलिभिजन कार्यक्रममा बालबालिकाको उपस्थिती गराईदिनुहुन ।

दुहवी नगरपालिकाका नगर प्रमुख, उपप्रमुख, प्रमुख प्रशासकीय अधिकृत, वडा अध्यक्ष, शिक्षा शाखा प्रमुख, बालबालिका शाखा प्रमुख लगायतको उपस्थितीमा पालिका सेवासँगको साझेदारीमा एभिन्यूज टेलिभिजनबाट प्रशारण भइरहेको टेलिभिजन कार्यक्रम 'बालबालिकासँग मेयर' छायांकनका लागि निम्न बमोजिमका बालबालिकाहरुको सहभागिता गराई बालबालिकाको सहभागिताको अधिकार सुनिश्चित गराईदिनुहुन अनुरोध छ ।

कार्यक्रममा बालबालिका र मेयरबीच प्रत्यक्ष मनदेखि संवाद हुनेछ, त्यसैले आफ्ना भनाई राख्न सक्ने बालबालिकाहरुको पहिचान गरी सहभागिता गराईदिनुहन अनुरोध छ । साथै कार्यक्रममा बढीमा ५ वटा बाल प्रतिभा समेत प्रस्तुत हुने भएकाले प्रतिभा प्रस्तुत गर्न चाहने विद्यालयले अग्रिम सिफारिस गर्नुहुन समेत अनुरोध गरिन्छ ।

**कार्यक्रम मिति :** ०४ जेठ २०८२ ॥ **स्थानः** दुहवी नगरपालिका हल ॥ **समयः** विहान १०:०० बजे

**सहभागि बालबालिका छनौटका आधारहरु**

१. विद्यालय : कक्षा ६ देखि कक्षा १० सम्मका सामुदायिक र निजी दुवै खालका विद्यालयका बालक र बालिकाको संख्या बराबर हुनेगरी प्रत्येक विद्यालयबाट ६ देखि ८ जना

२. क्लव : नगरस्तरीय र वडास्तरीय बाल क्लवका प्रतिनिधिहरु कम्तिमा १० जना

३. कक्षा ११ र १२ का बढीमा ५ जना

४. प्रतिभा : विभिन्न प्रतिभा भएका बालबालिकाहरु सिफारिस (बढीमा ५ जना बालबालिकाहरुको प्रतिभा प्रस्तुती गर्ने अवसर हुनेछ)

५. पर्यवेक्षक : अभिभावक वा विद्यालय व्यवस्थापन समितिका अध्यक्ष वा प्रतिनिधिहरु, शिक्षक वा विद्यालयका प्रधानअध्यापक वा प्रतिनिधि, नगरभित्र सक्रिय बालबालिकासँग सम्बन्धित कार्यक्रम सञ्चालन गरिरहेको गैरसरकारी संस्था आदि ।